'यदि तिमीले व्यक्तिलाई मुल्याङ्कन गर्न थाल्यौ भने उसलाई प्रेम गर्न विर्सन्छौं ।' - मदर टेरेसा

हामी जे देख्छौं, त्यही लेख्छौं

# रेखदेख

www.rekhadekh.com

प्रेस काउन्सिल नेपालद्वारा 'ख' मा बर्गिकृत

साप्ताहिक

रेखदेख

पत्रिकाको ग्राहक बन्नु परेमा
सूचना तथा विज्ञापन छपाई गर्नु परेमा
पत्रिका नियमित नआएमा
समाचार तथा विचार छपाई गर्नु परेमा
सर्म्पकको लागि :
९८५१२३६७१३,९८४७८७६७१३
Email-info@rekhadekh.com

वर्ष ५ | अंक २२ रुकुम | २०७६ बैशाख ३० सोमबार | 13 May 2019 Monday | मुल्य २० | पृष्ठ ६



आमालाई चिठी ! २



कथा : बूढोको बैंश ४



चीनमा घाईते मुटु राख्ने संग्रालय ६

# विद्यार्थीबाट अशुलेको रकम फिर्ता गर !

**प्रवीर ददेल/रेखदेख**
**रुकुम**

सामुदायिक विद्यालयहरुले विद्यार्थीबाट लिएको शुल्क फिर्ता गर्न मुसीकोट नगरपालिकाले पत्राचार गरेको छ। नगर शिक्षा समितिको २०७६ बैशाख १८ गतेको निर्णयले सामुदायिक विद्यालयहरुले विद्यार्थीबाट लिएको भर्ना बापतको शुल्क फिर्ता गर्न परिपत्र गरेको हो। परिपत्रमा 'केही सामुदायिक विद्यालयहरुले शैक्षिक सत्र २०७६ मा विद्यार्थीहरुबाट भर्ना शुल्क लिएको अनुगमनबाट पाएकोले शुल्क लिने विद्यालयहरुले सम्वन्धीत विद्यार्थी तथा अभिभावकहरुलाई रकम फिर्ता गर्न आग्रह गरिएको छ।' पत्रमै भनिएको छ, 'सामुदायिक विद्यालयहरुमा अति आवश्यक भइ नगरपालिका समक्ष शिक्षक तथा आर्थिक व्यवस्थापनको लागि अनुरोध भई आएमा आवश्यक पहिचान गरी आवश्यक सहयोग नगरकार्यपालिका समक्ष अनुरोध गर्न विद्यालयहरुलाई अनुरोध समेत गरिएको



**रेखदेख समाचार प्रभाव**

मुसीकोट नगरपालिकाले जनाएको छ।

## शुल्क फिर्ता गर्ने निर्णय

रुकुम पश्चिमकै जेठो विद्यालय त्रिभुवन जनता माध्यामिक विद्यालयले विद्यार्थीबाट उठाएको शुल्क फिर्ता गर्ने निर्णय गरेको छ। बैशाख १९ गते बसेको विद्यालय व्यवस्थापन समितिको बैठकले विद्यार्थीबाट उठाएको भर्ना बापतको शुल्क फिर्ता गर्ने निर्णय गरेको हो। विद्यालय व्यवस्थापन समितिका अध्यक्ष खेमराज खड्काले भने,'विद्यार्थीबाट उठाएको रकम फिर्ता गर्ने निर्णय गरेका छौं।'

विद्यालयलाई आवश्यक शिक्षक तलब भत्ताको लागि मुसीकोट नगरपालिकामा माग समेत गरेर विद्यार्थीबाट उठाएको शुल्क फिर्ता गर्ने निर्णय गरिएको त्रिभुवन जनता माध्यामिक विद्यालयमा प्रधानाध्यपक हरिप्रसाद खनालले जानकारी दिएका छन्। उनले भने, 'विद्यार्थीहरुबाट शुल्क उठाउनु रहर नभएर बाध्यता भएको बताएका छन्।' स्थानीय सरकारले सामुदायिक विद्यालयको भौतिक पूर्वाधार र प्रयाप्त शिक्षक दरबन्दी नहुँदा विद्यार्थीबाट शुल्क उठाउनु परेको प्रधानाध्यपक खनालले बताए। उनले भने, 'शिक्षक अभिभावक संघको भेला गरी छिट्टै रकम फिर्ता गरिनेछ।' त्रिभुवन जनता माध्यामिक विद्यालयमा गत बैशाख ३ गते बसेको शिक्षक अभिभावक संघकको बैठकले भर्ना शुल्क वापतको रकम निर्धारण गरी अशुल्ने निर्णय गरेको थियो। पछिल्लो समय त्रिभुवन जनता मा.वि. भर्ना हुन आउँने विद्यार्थीलाई नि:शुल्क भर्ना गर्न समेत थालेको छ। यसअघि कक्षा ६ र ७ रु. १ हजार, कक्षा ८ मा १ हजार १ सय र कक्षा ९ र १०मा १ हजार तीन सय रुपैयाँ अशुल्ने गरेको थियो। त्यस्तै मुसीकोट नगरपालिका ४ वटा सामुदायिक विद्यालयहरुले भर्ना शुल्क बापतको रकम अशुल्ने गरेका थिए। त्यस्तै मुसीकोट नगरपालिका ५ स्थित यमुनानन्द नमूना माध्यामिक विद्यालयले पनि शुल्क फिर्ता गर्ने जनाएको छ। हामीले निर्णय गर्न पाएका छैनौं, छिट्टै शिक्षक अभिभावक तथा विद्यालय व्यवस्थापन समितिको बैठक बसी रकम फिर्ता गर्ने विद्यालयका प्रधानाध्यपक दामोदर गौतमले जानकारी दिएका छन्। उनका अनुसार - २०५८ सालदेखी नै अभिभावक शुल्क भन्दै उठाउने गरेको बताए। विद्यालयले ६-८ कक्षाका लागि ४ सय र ९ र १० कक्षाको लागि ५ सय रुपैयाँ शुल्क उठाएको थियो। उता पशुपति मा.वि. रातामाटाले भने विद्यार्थीबाट शुल्क नउठाएको जिकीर गरेको छ। प्रधानाध्यापक दामोदर शर्माले विद्यालयले अभिभावकहरुबाट स्वछिक रुपमा चन्दा उठाएको बताए। बालकल्यान मा.वि. झुल्खेतले पनि नगर पालिका विद्यालयको समस्या हल गरि दिए शुल्क फिर्ता गर्ने बताएको छ। उता सानीभेरी गाउँपालिका भने सामुदायिक विद्यालयले उठाएको रकमको बारेमा छानविन गरी रहेको बताएको छ। रेखदेख साप्ताहिकको बर्ष ५ अंक २१, २०७६ बैशाख १६ गते सामुदायिक विद्यालयमै चर्को शुल्क शिर्षकमा खोज समाचार प्रकाशन गरेको थियो।

# सामुदायिक विद्यालयमा नि:शुल्क बससेवा

**रेखदेख संवाददाता**
**रुकुम पूर्व**

रुकुमको सिस्ने गाउँपालिका-५ रुकुमकोटस्थित रुक्मिणी माध्यमिक विद्यालयले आफ्ना विद्यार्थीलाई नि:शुल्क बससेवा दिने भएको छ। विद्यालयले ३६ सीटे बस खरीद गरेर विद्यार्थीलाई यातायातको सुविधा दिन लागेको हो। यससँगै रुक्मिणी मावि विद्यालय बस भएको जिल्लाकै पहिलो सामुदायिक विद्यालय बनेको छ। बस खरीदका लागि २६ लाख खर्च भएको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष केशवचन्द्र समालले जानकारी दिएका छन्। 'विद्यार्थीलाई विद्यालयसम्म ल्याउन तथा घरसम्म पुऱ्याउन र संस्थागत विद्यालयहरूसँग प्रतिस्पर्धा गर्न पनि बस सञ्चालन गर्न लागिएको हो,' अध्यक्ष समालले भने, 'विद्यालयको बस चढेबापत विद्यार्थीले १ रुपैयाँ पनि तिर्नुपर्दैन, सबै खर्च विद्यालयको आन्तरिक स्रोतबाट बेहोर्छौं।' तेल, चालक, सह-चालक, मर्मतलगायत सबै खर्च विद्यालयको आन्तरिक स्रोतबाट व्यवस्था गर्ने विद्यालयको तयारी छ।

बस खरीदका लागि संघीय सरकारको नमूना विद्यालय सुधार योजनाअन्तर्गत १५ लाख र बाँकी रकम विद्यालयको आन्तरिक स्रोतबाट लगानी भएको छ। नमूना विद्यालय सुधार योजनाअन्तर्गत विद्यालयमा चालू आर्थिक वर्षका लागि १ करोड ५० लाख बजेट आएको छ। विद्यालयमा १ हजार विद्यार्थी अध्ययनरत छन्। टाढा(टाढाबाट हिँडेर विद्यालय पुग्ने गरेका विद्यार्थीले अब बसको यात्रा गर्न पाउने भएका छन्। विद्यालयका सेवाक्षेत्र सिस्ने गाउँपालिकाका वडां नं ५-६ का अधिकांश ठाउँ र भूमे गाउँपालिका-३ शिशाघारी र सिस्ने गाउँपालिका-७ नाथीगाडसम्म पनि बस सञ्चालन हुने अध्यक्ष समालले बताए। रुकुमकोट भ्यालीमा दैनिक (बिहान र साँझ) विद्यालयको बस सञ्चालन हुनेछ। यस्तै शिशाघारी, रुकुमकोट र खोपिचौरसम्म हप्ताको शुक्रवार र शनिवार मात्र बस सञ्चालन हुनेछ। सो ठाउँ विद्यालयदेखि टाढा भएका कारण बसले शुक्रवार विद्यार्थीलाई घर छाडिदिने र शनिवार लिन जाने अध्यक्ष समालको भनाइ छ।

# कार्यालयमै थन्किए नगरबस

**रेखदेख संवाददाता**
**चौरजहारी**



चौरजहारी नगरपालिकाले खरिद गरी ल्याएका नगर बस कार्यालयमै थन्किएका छन्। नगर बासीलाई सुलभदरमा सेवा प्रदान गर्ने उद्देश्यले खरिद गरेका तीन वटा नगरबस दुई महिना देखी चौरजहारी नगरपालिकाको कार्यालयमा थन्किएको स्थानीयले गुनासो गरेका छन्। नगरपालिकाले बस खरिद गरेर खुसी भएका थियौं, तर लामो समयसम्म नगरपालिकाका थन्कीएको भन्दै स्थानीयले गुनासो गरे। गाडि चलाउने ड्राईभरको अभाब भएपछि गाडि चलाउन ढिलाई भएको चौरजहारी नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत तारा कुंवरले जानकारी दिएका छन्। उनले भने, 'नगर बस चालकको लागि एसएलसी पासको सर्टिफिकेट, लाईसेन्स अनिवार्य गराएकोमा एसएलसी पास गरेको चालक नभेटीएपछि पुन : आवेदन खुल्ला गरेको र छिट्टै नगरवस सञ्चालन गरिने जनाए।'

अब हामीले एसएलसी पासलाई अनिवार्य बनाएका छैनौ, लाइसेन्स भएका चालकहरुलाई प्रयोगात्म परिक्षा मार्फत नियुक्ति गरिनेछ। चौरजहारी नगरपालिकाले गत फागुन महिनामा रु. ९४ लाख १५ हजार रुपैयाँको लागतमा ३ वटा नगर बस खरिद गरेको थियो। नगरपालिका क्षेत्र भित्रका स्थानहरु चौरजहारी-खोलागाँउ-नुवाकोट रुटमा बस सेवा सञ्चालन नगरपालिकाले जानकारी दिएको छ। अबको एक हप्ताभित्र चालक नियुक्ति, भाडादर कायम लगायतका सबै काम सकेर नियमित सेवा सुरु गरिने चौरजहारी नगरपालिकाले जानकारी दिएको छ।

स्थानीय रुटमा चर्को भाडादर तिर्दै आएका नगरबासी नगर बस खरिद गरेको दुई महिना वित्दा सम्म नयाँ गाडी चढ्न पाउने आशा पुरा हुन सकेको छैन्।

**रेखदेखको ग्राहक बन्न**

रुकुम (पश्चिम ) :
९८२१५६६९९२
रुकुम (पूर्व) :
९८६९९८३२२८
९८२४५२०१०९
बहुउद्देश्यीय सेवा सर्म्पक प्रा.लि.
९८४४९१७४८५

सडक दुर्घटनाबाट जोगिन
ट्राफिक नियमको पालना गरौं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधी मन्त्रालय
सूचना तथा सञ्चार विभाग

नयाँ वर्षको नयाँ योजना

वार्षिक ग्राहक बनौं
रू. १०००००/-
को जीवन बीमा सुरक्षित गरौं



रेखदेख
राष्ट्रिय साप्ताहिक

www.rekhadekh.com | info@rekhadekh.com | 9851236713, 9847876713

*'बाटो कहाँ जान्छ , त्यहा नजानुहोस् बरू त्यहाँ जानुहोस् जहाँ कुनै बाटो छैन र छाप छोड्नुहोस् ।' - राल्फ वाल्डो एमर्सन*

## सम्पादकीय

# नियम कानूनको बर्खीलाप नगर !

नियम कानून राज्य सञ्चालनको मुख्य दस्तावेज हुन् । राज्य संञ्चालन सहजताका लागि नीनि, नियम, कानून निर्माण गर्ने गरि लागू गरिएका छन् । नीति नीयम र कानून हेर्ने हो भने नेपाल दक्षिण एसीयाकै उत्कृष्ट राष्ट मानिन्छ। यहाँ निर्माण गरिएका नीनि नियमहरु कार्यन्वय नहुँदा यहाँको जीवनस्तर मा कुनै फेरबदल भएको पाईदैन्। देखाउनलाई त कानून बनेका छन, तर कार्यन्वयन भएका छैनन् भन्दा फरक नपर्ला ।

उदाहरणको लागि जातीय छुवाछूत सम्वन्धीका नीति, वाल बिबाह, बहुबिबाह, लैंगिक हिंसा, शिक्षा सम्वन्धी सम्वन्धीका नीति नियम.....आदी । नेपालको संविधानको धारा ३१ मा शिक्षा उल्लेख गरेको कानून, निःशुल्क शिक्षा सम्वन्धी ऐन २०७५, र स्थानीय शिक्षा ऐनमा उल्लेख भएका कुरा कार्यन्वय नहुँदा यहाँका हजारौं विद्यार्थीहरु अप्ठेरोमा परेका छन् । यस्तै समस्यामा रुकुम पश्चिमका अधिकास विद्यार्थीहरु परेका छन्। माध्यामिक तहसम्म निःशुल्क शिक्षा घोषणा गरेपनि यहाँ सामुदायिक विद्यालयहरुले विभिन्न बहानमा विद्यार्थीहरुबाट चर्को शुल्क उठाउने गरेका छन् । त्यो पनि विद्यालयपिच्छे फरक-फरक शुल्क ।

सामुदायिक विद्यालयहरुले उठाउने यस्ता मनपरी शुल्कले राज्यबाट लागू गरिएका नीति नियमको बर्खिलाप हुने गरेका छन् । त्यसैले नीनि नियमहरु निर्माण गर्ने मात्र होइन् कार्यन्वयनमा समेत जोड दिन आवश्यक छ । त्यसैले जिम्वेवार निकायले यसको रेखदेख तथा अनुगमन गर्न आवश्यक छ ।

## रेखदेख
### पाठक वर्गमा अनुरोध

तपाईहरूलाई रेखदेख साप्ताहिक पत्रिकामा प्रकाशित सामाग्रीहरू कस्तो लाग्छ ? पत्रिकालाई थप जनमूखी बनाउन के गर्नुपर्ला ? साथै पत्रिकामा लेख-रचना, प्रतिक्रिया सल्लाह सुझावको साथै सूचना तथा विज्ञापन छाप्नु परेमा सम्पर्कको लागि मोवाईल ९८४७८७६७१३ ईमेल : info@rekhadekh.com वा rekhadekh@gmail.com मा पठाउनुहोला ।

- सम्पादक

# आमालाई चिठी !

**आमा जुन दिन तिमीले छोड्यौ नि त्यो घर, त्यही दिनदेखि मैले पनि छोडेँ । तिमी बिना बस्न सकिएन त्यो घरमा । दूध चुस्न नपाउँदा भोकले कराएको त्यो सानो भाइ, तिमी बिना छटपटाएका टुहुरा भाइबहिनी रोएको, अनि तिम्रो अभावमा बुवा छटपटाएको टुलुटुलु हेर्न सक्ने सामर्थ्य थिएन मसँग र हिंडे त्यही दिनदेखि घर छोडेर । मैले घर छोडेर हिंडे पनि आफ्नो कर्तव्यबाट एक कदम पनि पछि हटेकी छैन आमा । मैले छोरी हैन तिम्रो छोरा भएर कर्तव्य निभाउने प्रयास गरेको छु । तिमी साथमा भइदिएको भए कस्तो हुन्थ्यो होला हाम्रो परिवार । भाइबहिनी, बुवा सबै कति खुशी हुँदा हुन् ? थाहा छ आमा जसले जन्मदै तिम्रा दूध चुस्न पाएन । तिम्रो अनुहारको त उसलाई केही कल्पना पनि छैन । हाम्रो साने, तिम्रो कान्छो छोरा अहिले कति ठूलो भइसकेको छ । उसले सोध्छ कहिलेकाहीँ दिदी हाम्रो आमा साच्चै कस्तो हुनुहुन्थ्यो भनेर ? मसित कुनै जवाफ हुँदैन । के भनेर सम्झाउनु उसलाई । मैले कुनै उत्तर नै दिन सक्दिन आमा ।**



### इन्द्रसरा खड्का

## सन्दर्भ :मातातिर्थ औंशी

पूजनीय आमा,
साष्टाङ्ग ढोग ।

आराम छु, आरामको कामना गर्दछु । हामी यहाँ सबै सञ्चै छौं । तर, तिमीलाई त्यहाँ कस्तो छ कुन्नि, केही थाहा छैन ।

आमा आज किन किन धेरै याद आयो । फोन गरौं भने फोनै लाग्दैन । चिठी लेखेर पठाउँ भने कसको हातमा पठाउँ ? कसरी तिमीलाई भेटौं ? कसरी यो सञ्चो बिसञ्चोको खबर तिम्रो कानमा थमाउँ ? जहाँ न कोही आफन्त पुग्छन्, न केही सञ्चारका साधन ।

तिमी कहाँ जो पुग्ने हुन्छन्, तिनी नबोलेरै जान्छन् । जो कहिल्यै फर्केर आउँदैनन् । तपाइँ बस्ने त्यो ठाउँ किन सबैको प्यारो बनेको होला ? ढिलोचाँडो सबैले त्यो ठाउँमा पुग्नैपर्छ ।

आमा तिमी त यति टाढा गयौ कि अब त फर्केर आउने कुनै आशा नै छैन । ८ वर्ष भयो तिमीसँग भेट नभएको । सबैले आमा भनेर बोलाएको सुन्दा तिम्रै याद आउँछ । जब जब दशैं, तिहार जस्ता चाडबाड आउँछन, तिमीलाई नै सम्झन्छ यो मन । हरेक पलपलमा तिमी नै मनमा बसेकी हुन्छौ ।

बिरामी पर्दा, अलिकति ठेस लाग्दा ऐया आमा भन्दै तिम्रै नाम ठोकिन्छ यो ओठमा । राम्रो काम गर्दा, नराम्रो काम गर्दा सबैभन्दा पहिले तिमीलाई नै सम्झन्छु ।

खोइ किन किन आज तिम्रो याद आयो । मन कुटुक्क खायो । अनि यी शब्द नलेखी मनै थाम्न सकिन । यतिका वर्ष कतै तिमी आउँछ्यौकी भनी पर्खी बसेँ । तर, फर्किनौँ आमा । सपनीमै भए पनि एकपटक तिम्रो बोली सुन्न पाए । एक पटक देख्न पाए मात्रै पनि यति मन आत्तिदैंन थियो होला । धेरै भयो हिजोआज सपनामा पनि तिमीलाई देख्न नपाएको । कतै सञ्चो छैन कि भन्ने पीर पनि लाग्छ ।

हामीलाई छोड्नेबेला त तिमीलाई कति गाह्रो थियो । छाती दुखिरहन्थ्यो । न त राम्रोसँग बस्न सक्थ्यौ न खान नै । गाह्रो भएर बोलन नसकेको म देखेरै महसुस गर्न सक्थेँ । आमा कतै हिजोआज झन झन गाह्रो पो भयो कि ? पहिलेको भन्दा अहिले झन् अप्ठ्यारोमा परेकी छौ कि ? पीर लाग्छ । आजै जस्तो लाग्छ, ‘म मर्छु होला अब बाँच्दिन घरको सबैभन्दा जेठो तँ नै होस् घरपरिवार तेरै जिम्मा’ भन्दै मलाई जिम्मेवारी सुम्पेको ।

साँच्चै तिमी कति निष्ठुरी है । जन्म दिएर यति चाँडै चटक्क छोडेर गयौ । कसरी भुल्न सकेकी आमा ? के तिमीलाई हाम्रो याद आउँदैन र ? यदि तिमीलाई छोराछोरीको याद आउने भए यसरी हामीलाई बच्चामै छोडेर जाने थिएनौं आमा ।

म मान्छु, तिमीलाई जुनसुकै अस्पताल पुर्याउँदा पनि बचाउन सकेनौँ । नेपालभित्र र भारतका विभिन्न अस्पतालमा पुगेर सकेसम्म गरेका थियौं । हामीले गर्नुपर्ने सबै कर्तव्य गरेकै हो । तर हाम्रो केही लागेन त के गरौं आमा ? आमा जुन दिन तिमीले छोड्यौ नि त्यो घर , त्यही दिनदेखि मैले पनि छोडेँ । तिमी बिना बस्न सकिएन त्यो घरमा ।

दूध चुस्न नपाउँदा भोकले कराएको त्यो सानो भाइ, तिमीबिना छटपटाएका टुहुरा भाइबहिनी रोएको, अनि तिम्रो अभावमा बुवा छटपटाएको टुलुटुलु हेर्न सक्ने सामर्थ्य थिएन मसँग र हिंडे त्यही दिनदेखि घर छोडेर । मैले घर छोडेर हिंडे पनि आफ्नो कर्तव्यबाट एक कदम पनि पछि हटेकी छैन आमा । मैले छोरी हैन तिम्रो छोरा भएर कर्तव्य निभाउने प्रयास गरेको छु । तिमी साथमा भइदिएको भए कस्तो हुन्थ्यो होला हाम्रो परिवार । भाइबहिनी, बुवा सबै कति खुशी हुँदा हुन् ?
थाहा छ आमा जसले जन्मँदै तिम्रा दूध चुस्न पाएन । तिम्रो अनुहारको त उसलाई केही कल्पना पनि छैन । हाम्रो साने, तिम्रो कान्छो छोरा अहिले कति ठूलो भइसकेको छ । उसले सोध्छ कहिलेकाहीँ दिदी हाम्रो आमा साँच्चै कस्तो हुनुहुन्थ्यो भनेर । यति चाँडै किन हामीलाई छोडेर जानुभयो ? हामीले के गल्ती गरेका थियौँ र आमा हामीलाई छोडेर जानुभयो भन्छ ।

मसित कुनै जवाफ हुँदैन । के भनेर समझाउनु उसलाई । मैले कुनै उत्तर नै दिन सक्दिन आमा । तिमी त एउटा चरीले गुँडमा पखेटा पलाउन लागेका बचेरालाई जस्तै गरी चटक्क छोडेर गयौ ।

बाँच्नु त हामीले थियो नै । तिमी त निष्ठुरी भयौ, छोडेर गयौ । तर, हामी चाहेर पनि सकेनौं तिमी भए ठाउँ जान । तिम्रा बचेरा अब बचेरामै सीमित छैनन् । पखेटा पलाईसके सबैका । मन परेको ठाउँ सजिलै पुग्न सक्छन् । दिनभरि डुलेर आफ्नो लागि चारो आफैं खोज्न सक्छन् । तिमी नरिसाउ है आमा तिमीलाई म अर्को नयाँ खबर पनि सुनाउँदै छु । तिमीलाई डाह पनि लाग्न सक्छ यो सुनेर । आफूमाथि सौता आएको एउटा महिलालाई कहाँ सैह्य हुन सक्छ र ? तर, तिमीले यो कुरा सहनै पर्छ आमा । तिमी गएदेखि शून्य थियो त्यो घर । टुहुरा थिए सबैजना । तिमीले दूध चुसाउन नपाउँदै छोडेको त्यो सानेलाई हेर्नु थियो । सँगै जिउने मर्ने कसम खाएको जीवनसाथीले आधाबाटोमै साथ छोडेर गएको पीडा थियो । उनीहरुकै खुशीको लागि भए पनि हामीले यो कदम चाल्नै पर्दथ्यो आमा ।

तिम्रो सौता, अनि हाम्री कान्छी आमाले कहिल्यै नराम्रो गरिनन् । तिम्रो पीडामा छटपटाई रहेको त्यो परिवारमा सकिनसकी खुशी दिने प्रयास गरिरहेकी छन् ।

तिमीले गर्न नसकेको जिम्मेवारी सम्हालेकी छिन् उनले । हामीलाई तिमीले जस्तै माया गर्छिन उनले पनि । तिम्रो अभावको महसुस गर्न नदिने प्रयास त गरिरहेकी हुन्छिन् । तर यो पापी मन खोइ किन किन मान्दै मान्दैन ।

अनि म आमा तिमीले सिकाएको राम्रो बाटोमा कदम चालिरहेकी छु । तिमी हामी जस्तै दुःखी, गरिब, महिला, अनाथ, पीडितको बुलन्द आवाज बनेर । दुःखमा परेकाहरुलाई सुख त दिन सक्दिनँ । तर, अन्यायमा परेका महिला, बालबालिका जो कोहीलाई न्याय दिलाउन कलम चलाएर लागिरहेकी छु ।

आमा तिमीले सोचे जस्तो कहाँ छ र यो समाज, अनि यहाँका मान्छे । दुःखी गरीबहरुलाई यो संसारमा बाँच्नै गाह्रो छ । दिनहुँ महिला बलात्कारको शिकार भइरहेका छन् । हत्या, हिंसा, बलात्कारका घटना नभएको कुनै दिन नै हुँदैन ।

महिला भएर बाँच्न झनै गाह्रो छ यो समाजमा । राम्रो काम गर्न खोज्दा खुट्टा तान्छन् । गर्न नसक्दा कमजोर ठान्छन् । तर पनि यो समाजमा म कहिल्यै हार मानेर पछाडि हट्ने छैन । सत्य, निश्पक्षको लागि कहिल्यै डराउने छैन । यो मेरो कलामले संसारै बदल्न नसके पनि अन्यायमा परेकालाई न्यायको ढोकासम्म पुर्याउन सकौं, कसैको ओठमा हाँसो ल्याउन सकौं, यो काम म निरन्तर गरिनै रहने छु ।

यो मनको व्यथा यस्तै गन्थनमन्थन कुरा तिम्रो काखमा टाउको राख्दै तिमी माझ गर्नु त कति थियो थियो आमा । के गर्नु तिमी मैले लेखेको यो कुरा देख्छौ देख्दिनौ, यो खबर कसैले तिमी माझ पुर्याइदिन्छ या दिँदैन ?

आमा यो जन्ममा त तिमीले हामीलाई सधैंभरि माया दिन सकिनौ । अनि हामी तिम्रो साथ हुन सकेनौं । सुनेकी छु ८४ जुनी फेरिसकेपछि मान्छेको चोला पाइन्छ रे । यदि यो धर्तीमा मान्छेको चोला धारण गर्न पाए भने अर्को जन्ममा पनि म तिम्रै छोरी भर जन्मन पाउँ । यति भन्दै म यो कलम यही बन्द गर्छु ।

उही तिम्री छोरी इन्द्रसरा ।

*उज्यालो अनलाईनबाट*

यस TNT टेक्निकल कलेज
मुसिकोट नगरपालिका-१, रुकुम (पश्चिम)

**भर्ना खुल्यो ! भर्ना खुल्यो !! भर्ना खुल्यो !!!**

**पढाई हुने कोर्षहरु**

| ३ वर्षे कोर्षहरु | | १५ महिने कोर्षहरु |
|---|---|---|
| • General medicine(HA) | • Diploma in civil | • C.M.A. ANM |
| • Staff nurse, pharmacy | • Diploma in electrical | • Lab assistant |
| • Lab techinican (CMLT) | • Diploma in computer | • Sub overseer |
| • Dental Hyggienic | • Diploma in electronic | • Agriculture JTA |
| • Radiography | • I .sc. Ag., vet | • Vet JTA. Amin |
| | • foresty | |

**हाम्रा विशेषताहरुः-**


- अनुभवी ख्याती प्राप्त बिषयविज्ञ प्रशिक्षकबाट अध्ययन गराईने ।
- प्रत्येक हप्ताको एक पटक मोडेल टेस्ट गराईने र कमजोर विद्यार्थीका लागि छुट्टै कक्षाको व्यवस्था ।
- विद्यार्थीहरुले चाहेको कलेजमा इन्ट्रान्स दिने व्यवस्था मिलाईने
- विद्यार्थीहरुलाई CTEVT को Scholarship मा नाम निकाल्न सफल भएको ।
- विद्यार्थीहरुलाई सत प्रतिशत नाम निकाल्ने गरि पठन पाठन गराईने ।
- उत्कृष्ट विद्यार्थीहरुलाई Scholarship को व्यवस्था भएको ।
- दलित अपाङ्ग पिछडिएको वर्गलाई विशेष छुट गरिने ।
- English Language /Computer Basic पुर्ण रुपमा निशुल्क सिकाईने
- समुहमा आउने विद्यार्थीलाई विशेष छुटको व्यवस्था भएको ।

***नोट : यस रुकुममै TNT टेक्निकल कलेजमा १५ महिने टेलिकम टेक्निसियन कम्प्युटर अपरेटर र विल्डीङ इलेक्ट्रिसियन सञ्चालन भईरहेको व्यहोरा जानकारी गराईन्छ ।***

**थप जानकारिको लागी**
TNT टेक्निकल कलेज
मुसीकोट न.पा.-१ खलंगा (सानोभेरी एफ.एम. भएको घरमा हाईस्कुल जाने बाटो)
रुकुम (पश्चिम) सम्पर्क : ९८२२८२२८९५ ,९८६९७०७३४० र ९८१०९६९६६५

# कथा : बूढाको बैंश !

बुढो तरुनीसँगै हुस्कीको चुस्कीमा मस्त थियो । बुढो प्रशस्तै पैसावाला । बुढामा 'पैसा फ्याँको, तमासा देखो' भन्ने सिद्धान्त लागु थियो ।





कल्पना खरेल

छोटो मिनीस्कर्टमा ट्याक-ट्याक पेन्सिल हिलको आवाज पड्काउँदै निक्कै स्मार्ट सुन्दरी रेस्टुरेन्टको प्रांगणमा देखिइन् । हेर्दा लाग्छ, धनाढ्य घरानकी छोरी हुन् । उनको नजर यताउता घुम्दै थियो । शायद उनी ब्वायफ्रेन्डको खोजीमा छिन् । पर्सबाट आइफोन निकाल्छिन् । डायल गर्छिन् । आफ्नै अगाडि बसेको एक बुढो मान्छेको फोनमा घन्टी बज्छ । हजुरबुवाको उमेरको बुढाले हर्षित मुडमा फोन उठाउँछ- हेल्लो सीमा, तिमी कहाँ ? म रेस्टुरेन्टमा । म पनि तिमीलाई घन्टौंदेखि रेस्टुरेन्टमै पर्खिरहेको छु । केही समयदेखि निक्कै पट्यार मानेर कसैको प्रतिक्षामा देखिने बुढाले आफ्नै अगाडि फोनमा कुरा गरिरहेकी तरुनीलाई पहिल्याइहाल्यो । मखख मुद्रामा बुढाले ठिटीलाई आँखाको सङ्केत गरेर बोलायो र आफ्नै छेउमै बसाल्यो । लाग्छ- त्यो बुढो र तरुनीको पहिलो देखाभेट । दुवै एकै टेबुलको सेरोफेरोमा नजिक हुन्छन् । बुढो र तरुनीको गफ चल्छ । सीमा, तिमीलाई फेसबुकमा म्यासेज गरेको थिएँ नि पाँच बजे रेस्टुरेन्टमा भेट्ने भनेर । किन ढिला गरेकी ?

हो र ? मैले पछिल्लो म्यासेज ख्यालै गरिनँ ।म त तिमीलाई पर्खिंदा पर्खिंदा हैरान भए । यतिकैमा मेनु लिएर वेटर आयो । वेटरले मेनु दुवैको समक्ष राख्यो । तरुनी मेनु पल्टाउन लागिन् । केटीले वाइन र चिकेन रोस्टको अर्डर गरिन् । बुढाले हुस्कीको अर्डर गरे । केही क्षणमा अडर अनुसारको खाने, पेय पदार्थ टेबुलमा आयो । केटीले सभ्य शैलीमा वेटरलाई थाङ्क्स टर्क्याइन् । वेटरले वेलकम फर्कायो । बुढोले पेय पदार्थ सिसाको गिलासमा खनायो । दुवैले चियर्स गरेर अल्कोहलको चुस्की लिन लागे ।

रिमझिम साँझ मग्न थियो । साँझको शीतल वातावरणले स्पर्स गरिरहेको महसुस हुन्थ्यो । सफा सुन्दर रेस्टुरेन्टमा मन्द डिम लाइटको प्रकाश छरिएको थियो । रेस्टुरेन्ट राजधानी सहरको कोलाजदेखि केही बाहिर थियो । रेस्टुरेन्टबाट डाँडाकाँडा पाखापखेरा हरियाली देखिन्थ्यो ।

त्यस प्रकृति सुन्दरताको बीच सजिएका रेस्टुरेन्टले आनन्दको अनुभूति दिलाइरहेको थियो । सहरको भिडभाड र तनावबाट आनन्द रिल्याक्स गर्न आउनेको संख्या प्रशस्तै देखिन्थ्यो । यताउताको सबै टेबुलमा कपल अर्थात् जोडी मात्र देखिन्थे । सबैजना आ-आफ्नै सुरमा खानपिन र मिठासपूर्ण गफमा व्यस्त थिए । रेस्टुरेन्ट नै प्रेममय महसुस हुन्थ्यो ।

फेरि त्यो नमिल्दो जोडीतिर मेरो नजर पुग्यो । बुढो तरुनीसँगै हुस्कीको चुस्कीमा मस्त थियो । बुढो प्रशस्तै पैसावाला । बुढामा 'पैसा फ्याँको, तमासा देखो' भन्ने सिद्धान्त लागु थियो । बुढाको अर्डर अनुसारको सर्भिसमा वेटर पनि व्यस्त थिए । घरपरिवार, श्रीमती छोरा छोरी, नाति नातिनी सम्पूर्ण बिर्सिएर बुढो तरुनीको यौवनसँग लिप्तिँदै थियो ।

बुढोलाई पैसा खर्चेर तरुनीको यौनसँगको मोह थियो । सुन्दरी तरुनीलाई पनि बुढाको पैसासँगको मोह थियो । त्यहाँ दुबैको उद्देश्य केवल पाउनु थियो । जतिजति नसामा झुम्दै थिए, उतिउति बुढो तरुनीको यौवनमा लालायित थियो । बुढो तरुनीको मासुम चेहेरामा घोरिएर मस्किरहेको थियो । अरुको नजर छेकेर बुढोको हात तरुनीकै संवेदनशील अंगतिर सल्बलाइरहेको थियो । दुनियाँ नै पाए जस्तो बुढो तरुनीमै हराइरहेको थियो । हाउभाउ देख्दा लाग्छ, बुढालाई फेरि बीस वर्षको जवानी आएजस्तो छ । खानपिन, रोमान्स हुँदै थियो । बुढालाई पिसाबले चाप्यो । बाथरुमको खोजीमा बुढाको नजर यताउता चाहार्न लाग्यो । बुढाले सोध्यो वेटरसँग बाबु बाथरुम कहाँ छ ? वेटरले उतातिर जानु बाजे भन्यो । बुढाले आफ्नो कालो ब्याग युवतीकै छेउमा राख्यो । बुढो रेस्टुरेन्टको दक्षिणतिरबाट बाथरुममा गयो । त्यही मौका छोपेर परम्परा आफ्नो संस्कृति र नैतिकता बिर्सिएर आधुनिकता र फेसनको दौडान दौडिरहेकी सुन्दरीले बुढालाई कुम्ल्याएर टाप कसी । बुढो बाथरुमबाट आयो । टेबुलमा आउँदा त, न तरुनी, न त ब्यागमा राखेको पैसा । बुढो हिस्स पर्‍यो । पुर्पुरमा हात राख्यो । आफैँलाई धिक्कार्‍यो । बुढासँग रेस्टुरेन्टमा खाएको पिएको तिर्ने पैसा पनि रहेन । बुढालाई तरुनीले नंग्याई । रेस्टुरेन्ट काउन्टरमा गएर बुढाले बिलौना गर्‍यो । आधुनिकता र कलियुगले मानिसहरुलाई पैसा र यौनको भोकमा भौंतारिदिएको छ । साहुले बुढाको हातमा लगाएको घडी र सुनको औंठी फुकाएर आफ्नो लिनुपर्ने रकम असुल गर्‍यो ।

*अनलाइनखबर डटकमबाट*

# स्वास्थ्य संस्था सुदृढ गर्न वार्षिक कार्ययोजना

**रेखदेख संवाददाता**
**रुकुम**

सबै स्वास्थ्य संस्थाहरुको सुदृढीकरण गरी सेवाको प्रभावकारिता बढाउन वार्षिक कार्ययोजना बनाइएको छ । स्वास्थ्य कार्यालय रुकुम पश्चिम र स्वास्थ्यका लागि सक्षम प्रणाली परियोजनाको आयोजनामा गरिएको स्थानीय स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समिति सदुढिकरणका लागि प्रशिक्षक प्रशिक्षण तालिमको अन्त्यमा आगामी आर्थिक वर्षका लागि कार्ययोजना तयार गरिएको हो ।

जिल्लाका ६ वटै स्थानीय तहका सामाजिक विकास समिति संयोजक, स्वास्थ्य संयोजक र सरोकारवाला संघ संस्थाका प्रतिनिधिहरुको सहभागितामा भएको उक्त तालिमबाट स्वास्थ्य संस्था सुदढ गर्न पालिका अनुसार छुट्टाछुट्टै कार्ययोजना बनाइएको हो । यस कार्ययोजनालाई स्थानीय तहको आगामी आर्थिक वर्षको योजना तर्जुमा प्रक्रिया मार्फत स्वीकृत गराएर कार्यान्वयन गर्ने तयारी गरिएको स्वास्थ्यका लागि सक्षम प्रणाली रुकुम पश्चिमका स्वास्थ्य प्रणाली सुदृढीकरण अधिकृत चंख विष्टले बताएका छन। कार्ययोजनामा स्वास्थ्य संस्थाका भौतिक पूर्वाधारको विकास, औजार उपकरणको व्यवस्थापन, दक्ष जनशक्तिको व्यवस्थापन, सचेतना प्रवाह तथा सशक्तिकरण लगायतका क्षेत्रहरुलाई समावेश गरिएको उनका भनाई छ । कार्ययोजना कार्यान्वयनका लागि सम्बन्धित स्थानीय तहहरुका साथै स्वास्थ्य कार्यालय, स्वास्थ्यका लागि सक्षम प्रणाली, स्वच्छता परियोजना, सुआहारा र रेडक्रसको समेत सहकार्य हुने बताइएको छ । कार्ययोजना तयार गर्नुअघि तीन दिनसम्म सञ्चालित उक्त तालिममा स्थानीय स्वास्थ्य संस्था व्यवस्थापन सुदृढीकरण अवधारणा, मौलिक हकको रुपमा आधारभूत स्वास्थ्य सेवा, स्वास्थ्य सेवामा स्थानीय सरकारको कार्यक्षेत्र, स्रोत व्यवस्थापन, स्वास्थ्यमा बहुक्षेत्रीय समन्वय र सहकार्य लगायतका विषयमा छलफल गरिएको थियो । स्थानीय स्तरमा रहेका स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिलाई समेत सक्रिय बनाउने योजना तय गरिएको छ ।

स्थानीय स्तरबाट प्रदान गरिने आधारभूत स्वास्थ्य सेवा लाई प्रभावकारी बनाउन व्यवस्थापन समितिलाई सक्रिय बनाउनु आवश्यक भएकोले प्रशिक्षक प्रशिक्षण तालिम लिएका प्रशिक्षकहरुबाट जिल्लाका सबै स्वास्थ्य संस्थामा गएर तालिम सञ्चालन गर्ने बताइएको छ । तयार गरिएको कार्ययोजना कार्यान्वयन गरेमा र सबै स्वास्थ्य संस्थामा यस्तो तालिम सञ्चालन गरेमा जिल्लाको स्वास्थ्य अवस्था सुदृढ हुने स्वास्थ्य कार्यालय रुकुम पश्चिमका निमित्त प्रमुख विष्णुबहादुर बुढाथोकीले बताए ।




# कोटेशन आब्हान सम्वन्धमा

## नेपाल जनजागरण मञ्च (एनप्याफ)
## मुसिकोट नगरपालिका-१, सल्ले रुकुम (पश्चिम)

मिति : २०७६ बैशाख २६ गते

प्रस्तुत विषयमा यूनाईटेड मिसन टु नेपाल रुकुम कलष्टरको साझेदारीमा संचालित विभिन्न परियोजना र संस्थाको लागि कोटेशन मार्फत सामाग्रीहरु खरीद गर्नु पर्ने भएकोले सूचना प्रकाशित भएको मिति देखी ७ दिन भित्र कोटेशन पेश गर्नु हुन अनुरोध छ ।

**आवश्यक सामाग्रीहरू**

| क्र.स. | सामाग्रीहरु | ईकाई | परीणाम |
|---|---|---|---|
| १ | मौरीको घार मौरी विनाको | वटा | ५० |
| २ | मौरीको घार मौरी मौरी सहितको | वटा | ५० |
| ३ | फोटोकपी पेपर जे.के. | रिम | २० |
| ४ | जस्तापाता रंगीन २६ गेजको | बन्डल | ६ |
| ५ | जस्तापाता रंगीन २८ गेजको | बन्डल | ६ |
| ६ | सिमेन्टओपिसी | बोरा | २०० |
| ७ | पि.वि.सी. सिमेन्ट | बोरा | ५० |
| ८ | सरिया | बन्डल | १५ |
| ९ | मोटर २ हर्स पावरको | वटा | २ |
| १० | एच.डि.पि.ई. पाईप २०० एम.एम.(६ के.जि.) | मिटर | १०७ |
| ११ | एच.डि.पि.ई. पाईप ६३ एम.एम. (६ के.जि.) | मिटर | १५०० |
| १२ | एच.डि.पि.ई. पाईप ७५ एम.एम. (६ के.जि.) | मिटर | ४५० |
| १३ | पलास्टिकटनेल ९० जि.एस.एम. १०वाई १२ | वटा | १२ |

| क्र.स. | सामाग्रीहरु | ईकाई | परीणाम |
|---|---|---|---|
| १४ | थोपासिचाई ४ लाईन पाईप | वटा | १२ |
| १५ | थोपासिचाई ६ लाईन पाईप | वटा | ६ |
| १६ | वासको विरुवा २ वर्षको | वटा | ५०० |
| १७ | सेलो पेन | वटा | ३०० |
| १८ | पाईटल पेन | वटा | ३० |
| १९ | स्पाईरल टाईरी २० पाना | वटा | ३०० |
| २० | समुहको वचतखाता | वटा | ३० |
| २१ | समुहको ऋणखाता | वटा | ३० |
| २२ | समुहहरुको लागिपास वुक २० पानाको | वटा | ३०० |
| २३ | स्टिच | वटा | १५ |
| २४ | पंचिग | वटा | १५ |
| २५ | फलेक्स प्रिन्टप्रति स्क्वाईर फिट | थान | २० |
| २६ | पम्पलेट छपाई एफो साईजमा | थान | २००० |

ख) कोटेशनमा संलग्नकागतजातहरु
क) सप्लायर्स दर्ताको प्रमाणपत्रप्रतिलिपी
ख) पान नं को प्रतिलिपी
ग) कर चुक्ताको प्रणपत्रको प्रतिलिपी
घ) नागरीक्ताको प्रतिलिपी
ङ) निवेदन ।

इमेल : pafnepal.rukum@gmail.com/ kusari.rukum@gmail.com
मिति २०७६ बैशाख २६ देखी २०७६ जेष्ट १ गते सम्म ।

सदस्य
खरीद उपसमिति


# जनहितमा जारी सन्देश

- महिलाको उमेर कम्तिमा २० बर्ष पुगेपछि मात्र बिबाह गरौं ।
- गर्भावस्था र सुत्केरी अवस्थामा पोषिलो खानेकुरा खाने गरौं ।
- गर्भावस्थामा कम्तीमा ४ पटक स्वास्थ्य जाँच गराऔं ।
- बच्चा दक्ष स्वास्थ्कर्मीको निगरानीमा स्वास्थ्य संस्थामै जन्माऔं ।
- बच्चा जन्मेको एक घण्टाभित्र आमाको विगौती दुध खुवाउऔं ।
- बच्चा जन्मेको ६ महिना सम्म आमाको दुधमात्र खुवाउनु पर्दछ ।
- बच्चा ६ महिना पुगेपछि मात्र पुरक आहारा खुवाउने गरौं ।
- बच्चालाई कुपोणबाट जोगाउन पोशिलो खानेकुरा खुवाऔं ।
- सरसफाई गरौं, झाडापखाला, आऊ जस्ता रोगबाट बचौं ।

भुमे गाउँपालिकाको कार्यालय
रुकुम (पूर्व) ५ नम्बर प्रदेश नेपाल

'सामाजिक परिवर्तनका लागि राष्ट्रको पहरेदार'
**रेडियो गेमी त्रिवेणी एफ.एम.९४.३**

बिहान ५ बजेदेखि राती १० बजेसम्म सूचना, समाचार र संगितको साथी सधै सुन्ने गरौ । साथै रेडियोमा सूचना समाचार र विज्ञापनको लागि सम्पर्क गनुहोला ।

**थप जानकारीको लागी**
रेडियो गेमीत्रिवेणी एफ.एफ.
मुसिकोट नपा. १ रुकुम फोन नं. ०८८-५३०२५०

रेखदेख
रुकुमको लोकप्रिय पत्रिका
२०७६ बैशाख ३० सोमबार । 13 May 2019 Monday
स्वास्थ्य ५
www.rekhadekh.com

# किन देखिन्छ डरलाग्दो सपना ?

मानिसहरू सपना देख्छन्, कहिले राम्रो र कहिले नराम्रो अर्थात् डरलाग्दो। डरलाग्दो सपना देखेपछि मानिस पसिना-पसिना भएर ब्युँझन्छन् पनि । तर, त्यस्ता डर लाग्दा अथवा नराम्रो सपना बिरामी हुने संकेत पनि हुन सक्ने वैज्ञानिकहरूले बताएका छन्। कहिलेकाहीँ नराम्रा सपना रोगको लक्षण देखिनुभन्दा धेरै अघि पनि देखिन सक्छ ।

गत महिना अनुसन्धानकर्ताहरूले बाल्यकालमा नियमित नराम्रा सपना देख्ने व्यक्तिमा पछि गएर मानसिक समस्या देखिने बताएका थिए ।

६८०० बालबालिकाबीच गरिएको उक्त अध्ययनको प्रतिवेदन 'स्लीप' नामक जर्नलमा प्रकाशित गरिएको थियो। अध्ययनमा दुईदेखि सात वर्षका बच्चाले हप्तामा दुई या तीनपटकसम्म नराम्रा सपना देख्ने गरेको पाइएको थियो। ती बालबालिकाले किशोर उमेर पुग्दासम्म कुनै आवाज सुनेजस्तो भ्रम सिर्जना हुने समस्या देखापर्ने अनुसन्धानकर्ताले बताएका छन् ।

बारम्बारको नराम्रा सपनाले बालबालिका भावनात्मक चोट (दुर्व्यवहार, बदमासीलगायत) को सामना गर्नुपर्ने हुनसक्ने अनुसन्धानकर्ताको भनाई छ। उनीहरुका अनुसार नराम्रा सपनाले मानिसभित्र रहेका शारीरिक समस्याको संकेत गर्छ । मानिसले



निद्राको र्‍यापिड आइ मुभमेन्ट (रेम) को चरणमा मात्र सपना देख्छन्, रेम हरेक रात चार या पाँच चरणमा हुन्छ ।

यसका साथै थुप्रै मेडिकल समस्याका कारण निद्रा विथोलिन्छ, 'यसको अर्थ हुन्छ, तपाई रेमको अवधिमा ब्युँझनुहुन्छ र त्यस्ता सपना सम्झनुहुन्छ ।' क्याम्ब्रिजको पापवर्थ हस्पिटालका निद्रा अनुसन्धानकर्ता एवम् कार्डियोलोजिस्ट डा.निकोलस ओस्क्रोफ्टले भने ।

यस्तै, अनिद्राको समस्या भएका मानिसले पनि नराम्रा सपना देख्छन्, यस्तो अवस्थामा केही क्षणका लागि श्वासप्रश्वासमा पनि समस्या आउन सक्छ। स्वास्थ्य खबरपत्रिका नियमित नराम्रा सपना मुटुको समस्यासंग पनि गाँसिएको हुन्छ । अन्य मानिसभन्दा नराम्रा सपना देख्ने मानिसमा मुटुको चाल अनियमित हुने समस्या तीन गुणा बढी हुन्छ भने छाति दुख्ने समस्या सात गुणा बढी हुन्छ ।

मुटुको समस्या आउँदा फोक्सोमा पानी जम्ने सम्भावना हुन्छ, जसले गर्दा श्वासप्रश्वासमा समस्या आउछ । गहिरो निद्रामा परेका बेला अरू सबै मांशपेशीले काम नगरेपनि फोक्सोमा पानी जम्दा श्वासप्रश्वासमा भाग लिने मांशपेशीलाई भने असर पार्न सक्छ। यहीकारण मानिस गहिरो निद्राबाट ब्युँझन सक्छ। र मानिसले खराब सपना सम्झन्छ । यसका साथै मिर्गौलामा संक्रमण, रुघाखोकीजस्ता संक्रमण भएका मानिसले पनि नराम्रा सपना देख्ने अनुसन्धानकर्ताको भनाई छ । यस्तै, अति खराब सपना देख्नु पार्किन्सन रोगको प्रारम्भिक संकेत भएको न्युरोलोजिष्ट डा. रोबर्ट ब्रेनरको भनाई छ ।

माइग्रेनले पनि नराम्रा सपना देखाउछ । धेरैजसो महिलाले रजस्वला वरपरको समयमा अनेक थरि सपना देख्नछन्।

स्वास्थ्य खबरडटकमबाट

# सेनेटरी प्याड बनाउन सिक्दै किशोरीहरु

**रेखदेख संवाददाता**
**मुसीकोट**

शिक्षिका र छात्रालाई सेनेटरी प्याड बनाउने तालिममा सहभागी भएका छन् । रुकुम पश्चिमका मुसीकोट नगरपालिकाका १४ वटै वडाका २७ वटा विद्यालयका शिक्षिका र छात्राहरुले महिनावारी भएको बेला प्रयोग गरिने सेनेटरी प्याड निर्माण गर्ने तालिममा सहभागि हुने भएका छन् ।

मुसीकोट नगरपालिकाका २७ जना शिक्षिका र १ सय ३५ जना छात्रा गरी जम्मा १ सय ६२ जनाले सेनेटरी प्याड निर्माण सम्वन्धी तालिम सिक्ने मुसीकोट नगरपालिकाका उपप्रमुख प्रेम कुमारी सुनार केसीले जानकारी दिएकी छिन् । उनले भनीन, 'तालिमले किशोरीहरुलाई शिक्षा आर्जनमा सहयोग पुग्नेछ ।'

महिनावारीको समयमा विद्यालयमा छात्राहरु अनुपस्थित हुने तथा कक्षा छोड्ने क्रम बढेपछि मुसीकोट नगरपालिका क्षेत्रभित्रका आधारभुत तहका ६-८ कक्षा र माध्यामिक तहको ९ र १० कक्षाका छात्राका साथै एउटा विद्यालयबाट एउटा शिक्षिका तालिममा सहभागी हुने भएका हुन् ।

जसका लागि मुसीकोट नगर पालिका आर्थिक वर्ष २०७५/७६ मा रु. २ लाख ५० हजार रुपैयाँ छुट्याएको जनाएको छ । पहिलो चरणमा मुसीकोट नगरपालिकाका ७ वटा विद्यालयबाट तालिम सुरु गरिएको छ ।

सोमबार मुसीकोट नगरपालिकाको त्रिभुवन जनता माध्यामिक विद्यालयमा ७ वटा विद्यालयका छात्रा र शिक्षिका सहभागी रहेका छन् । पहिलो पटक सेनेटरी प्याड निर्माण गर्ने तालिममा सहभागी भएपछि खुसी भएका छन् । यमुनानन्द नमूना माध्यामिक विद्यालयमा कक्षा ९ मा अध्ययरत छात्रा एसिना रोकाले भनिन,'आफूले प्रयोग गर्ने सेनेटरी प्याड आफैं निर्माण गर्न पाउँदा खुसी भएकी छु ।'

मुसीकोट नगरपालिकाले चालू आर्थिक वर्षमा किशोरी र शिक्षिकालाई तालिम प्रदान गर्ने अर्को वर्षबाट प्याड निर्माणको लागि विद्यालयमा कच्चा पदार्थ खरिदको लागि बजेट छुट्याउने उपप्रमुख सुनारले बताईन् ।

तालिममा सिकेका कुराहरु व्यवहारमा लागू गर्न विद्यालयहरुले अतिरिक्त क्रियाकलापमा सेनेटरी प्याड निर्माण सम्वन्धी क्रियाकलाप राख्ने प्रतिवद्धता जनाएका छन् । मुसीकोट स्थित त्रिभुवन जनता माध्यामिक विद्यालय खंलगाका शिक्षिका हिमा बुढाले भनिन, 'अतिरिक्त क्रियाकलापबाट सेनेटरी प्याड निर्माण गर्ने र उत्कृटलाई पुरस्कारको समेत व्यवस्था गर्नेछौं ।' यसरी बनाएका प्याडहरु बर्षभरी शिक्षिका र छात्राहरुले प्रयोग गर्ने जनाएको छ ।

## ब्यक्तिगत घटना घटेको ३५ दिन भित्रै दर्ता गरौं

जन्मदर्ता भएपछि बालबालिकाको परिचय कायम हुन्छ । स्कुल भर्ना गर्न, नागरिकताको प्रमाण पत्र प्राप्त गर्न लगायतका कामको लागि जन्मदर्ता उपयोगी हुन्छ । त्यसैले बच्चा जन्मेको ३५ दिन भित्र आफ्नो वडा कार्यालयमा गई निशुल्क जन्मदर्ता गरौं । साथै विबाह, बसाईसराई, मृत्यु र सम्वन्ध बिच्छेदका घटनाहरु समेत ३५ दिन भित्र दर्ता गरी समयमा नै प्रमाण पत्र लिई ढुक्क बनौं ।

**सानीभेरी गाउँपालिकाको कार्यालय रुकुम (पश्चिम)**
**कर्णाली प्रदेश नेपाल**

## हार्दिक बधाई

२०७५ सालमा मुसीकोट नगरपालिका स्तरिय कक्षा ८ को परिक्षामा सहभागि भई उत्कृष्ट नतिजा ल्याउन सफल हुने सम्पूर्ण विद्यार्थी भाईबहिनीहरुमा हार्दिक बधाई ज्ञापन गर्दछौं ।

| | | |
|---|---|---|
| प्रतिज्ञा खड्का 4 GPA | (A+) | नगर प्रथम |
| प्रकाश ओली 3.90 GPA | (A+) | नगर द्वितिय |
| निरुता बोहरा 3.85 GPA | (A+) | नगर तृतिय |
| सुदिप ओली 3.80 GPA | (A+) | |
| अभिशेक ओली 3.80 GPA | (A+) | |
| समिक्षा ओली 3.65 GPA | (A+) | |
| विकाश कुमार ओली 3.60 GPA | (A) | |
| प्रियंका ओली 3.55 GPA | (A) | |

प्रिन्सिपल
विमलकुमार शर्मा
सिस्ने एकेडमी प्रा.लि.
मुसिकोट नगरपालिका ४ सोलाबाङ्ग रुकुम (पश्चिम)
सम्पर्क नं. ९८४७९२२५२०, ०८८(४२०००१

## जनहितमा जारी सन्देश

रुकुम जिल्ला २०७१ साल पौष ७ गते नेपालको १८ औं खुल्ला दिशामुक्त क्षेत्र घोषणा भई सकेको छ । भने सन् २०२० सम्ममा रुकुमको सम्पूर्ण गाउँपालिका र नगर पालिकाका साथै जिल्लालाई नै पूर्ण सरसफाई घोषणा गर्ने लक्ष्य रहेको हुँदा सम्पूर्ण रुकुम जिल्लाबासी दाजुभाई, दिदी वहिनीहरूमा तपशिलमा उल्लेखित पूर्ण सरसफाईका ६+१ सूचकहरु पुरा गरी साविकका गाविस तथा हालका वडा तथा गाउँपालिकाहरूलाई पूर्ण सरसफाईयुक्त घोषणा अभियानलाई सफल बनाउन सम्पूर्ण जिल्लाबासीहरूमा हार्दिक अनुरोध गर्दछौं ।

**तपशिल :**
१) योजना तर्जुमा तथा व्यवस्थापन
२) चर्पीको समुचित प्रयोग (घरायसी, संस्थागत र सार्वजनिक)
३) व्यक्तिगत सरसफाई (साबुन पानीले हात धुने (घरायसी, संस्थागत र सार्वजनिक)
४) सुरक्षित पानीमा पहुँच तथा प्रयोग
५) सुरक्षीत खानाको प्रयोग
६) घरायसी एवं संस्थागत सरसफाई
७) वातावरणीय सरसफाई

**डिभिजन प्रमुख**
**खानेपानी तथा सरसफाई डिभिजन**
**कार्यालय रुकुम (पश्चिम)**

## प्रो.नवराज ओली

९८६९९६६५२२
९८०३५०८८५२

## निराजन गार्मेन्ट एण्ड सप्लायर्स

मुसिकोट नगरपालिका १ कालिका मन्दिर अगाडी
रुकुम (पश्चिम)



हामीकहाँ विभिन्न किसिमका बोर्डिङ्ग, स्कुलका ड्रेस, गेमसर्ट, ट्र्याक सुट, लेडिज एण्ड जेन्स जकेट सर्ट,टिसर्ट, टाइबेल्ट, सुइटर, ब्याग, स्कुल ब्याग लगायतका विभिन्न किसीमका आधुनिक कपडाहरु निर्माण गरिन्छ ।



आफैले बनाएका सेनेटरी प्याड देखाउँदै किशोरीहरु। रुकुम पश्चिमको मुसीकोट नगरपालिकाले नगर क्षेत्रभित्रका १४ वटै वडाका २७ वटा विद्यालयका १ सय ६२ छात्राहरुले महिनावारी भएको बेला प्रयोग गरिने सेनेटरी प्याड निर्माण गर्ने तालिम सिक्ने भएका हुन्। तस्वीर : रेखदेख। समाचार पृष्ठ ५ मा

# चीनमा खुल्यो "घाइते मुटुहरु"को संग्राहलय



दुनियामा केही मानिसहरु यस्ता हुन्छन् जसले अरु मानिसहरुले भन्दा फरक गरेर नाम र दाम कमाउन सफल हुन्छन्। चीनमा एकजना युवतीले यस्तै अनौठो र फरक काम गरेकी छिन्। २५ वर्षकी लियू यानले एउटा अनौठो म्युजियम खोलेकी छिन्। उक्त म्यूजियम घाइते मुटुहरुको संग्राहलय हो।

उक्त संग्राहलयमा प्रेमी प्रेमिकाहरु सँग सम्बन्धित अनौठा सरसामानहरु देख्न पाइन्छ। उक्त संग्राहलयको नाम म्युजियम अफ ब्रोकन रिलेसनशीप अर्थात् टुटेको सम्बन्धको संग्राहलय हो।

हेइलोंगजियांग प्रान्तस्थित हार्बिन सहरमा रहेको छ यो संग्राहलय। यो म्युजियम खुलेको २ हप्तामात्र हुन लागेको छ। तर सुरुवातमै यो यति हिट भएको छ कि अहिलेसम्म १५ हजार भन्दा धेरै जनाले त्यहाँको भ्रमण गरिसकेका छन्।

यो म्युजियममा यस्ता सामानहरु राखिएका छन् जुन कुनै प्रेमजोडीहरुले प्रेम सम्बन्ध टुटिसकेपछि पनि जिवनभर चिनोको रुपमा राख्ने गर्दछन्। अर्थात् घाइते मुटुका नासोहरु त्यहाँ देख्न पाइन्छ।

यो म्युजियम खोल्नुअघि उनले सोसल मिडियामार्फत एक पोष्ट गर्दै मानिसहरुसँग आफ्नो ब्रेकअप सँग सम्बन्धित सामानहरु आफुलाई दिनका लागि अपिल गरेकी थिइन्। ता कि त्यस्ता सामानहरु हेर्नका लागि मानिसहरु म्युजियम सम्म आउन् र आफ्नो पूरानो प्रेमको यादलाई पुनर्ताजगी गर्न सकून्।

सोसल मिडियाको पोष्टसँगै उनलाई दुनियाभरबाट हजारौं कल आए। त्यस्तै ५० भन्दा धेरै मानिसले उनलाई १ सय भन्दा धेरै सामानहरु प्रदान गरे। उक्त म्युजियममा जोडीहरुले डेटिंगका क्रममा काटेका रेल टिकट देखि लिएर प्रेमपत्रहरु समेत रहेका छन्। त्यस्ता उपहारका जुत्ता, किप्याड मोबाइल देखि विवाहको ड्रेस पनि रहेका छन्।

उनका अनुसार म्युजियममा राखिएका हरेक सामानहरुसँग एउटा न एउटा प्रेमकथा जोडिएको छ। कतिपय प्रेमकथाहरु वियोगान्त तथा दर्दनाक पनि छन् र कथा थाहा पाउँदा आगन्तुकहरुको आँखाबाट आँशु आउने गर्दछ। एजेन्सीको सहयोगमा


## जनहितमा जारी सन्देश

- महिलाको उमेर कम्तिमा २० बर्ष पुगेपछि मात्र बिबाह गरौं।
- गर्भावस्था र सुत्केरी अवस्थामा पोषिलो खानेकुरा खाने गरौं।
- गर्भावस्थामा कम्तीमा ४ पटक स्वास्थ्य जाँच गराऔं।
- बच्चा दक्ष स्वास्थ्कर्मीको निगरानीमा स्वास्थ्य संस्थामै जन्माऔं।
- बच्चा जन्मेको एक घण्टाभित्र आमाको बिगौती दुध खुवाउऔं।
- बच्चा जन्मेको ६ महिना सम्म आमाको दुधमात्र खुवाउनु पर्दछ।
- बच्चा ६ महिना पुगेपछि मात्र पुरक आहारा खुवाउने गरौं।
- बच्चालाई कुपोणबाट जोगाउन पोशिलो खानेकुरा खुवाऔं।
- सरसफाई गरौं, झाडापखाला, आऊ जस्ता रोगबाट बचौं।

सिस्ने गाउँपालिकाको कार्यालय
रुकुम (पूर्व) ५ नम्बर प्रदेश नेपाल



## शरीर मात्र स्वस्थ भएर पुग्दैन मन पनि स्वस्थ हुनुपर्छ ...



एक्लै बस्न रूचाउने, मन आत्तिइरहने, अरूको कुरा सुन्दैमा झर्को लाग्ने, निद्रा नपर्ने वा बारम्बार आत्महत्याको विचार आएमा .......



अचानक मुर्छा परेर बेहोस हुने, हात खुट्टा अर्रो (कडा) हुने र मुखबाट फिँज निस्किएमा ...



डराउने, आत्तिने, रूने र स्कुलमा एकपछि अर्को गर्दै बेहोस हुने समस्या देखा परेमा.......




बालबालिकामा पनि टोलाउने, बढी चक्चक् गर्ने, डराउने, चुप लागेर बस्नै नसक्ने ... जस्ता समस्या देखिएमा ......

नजिकैको स्वास्थ्य संस्थामा उपचार र मनो-परामर्शका निम्ति तुरून्तै लैजाऔं ..!

एन. प्याफ. रूकुम | जिल्ला स्वास्थ्य कार्यालय, रूकुम | यु.एम.एन



## हिमाली छापाखाना एण्ड स्टेशनरी पसल

हामीकहाँ फोटोकपी, लेमिलेसन, स्क्रिन प्रिन्ट, फोटो प्रिन्ट, पाठ्यपुस्तक, पत्रपत्रिका, कपडाको झोला छपाई, स्टेशनरी सामान, भिजिटीङ्ग कार्ड, बिबाह कार्ड, शुभकामना कार्ड, कम्प्युटर टाईपिङ्ग, स्क्यानिङ्ग, एमआरपी फारम भर्नुका साथै इमेल इन्टरनेट सेवा समेत प्रदान गरिन्छ।

**हिमाली छापाखाना एण्ड स्टेशनरी पसल**
मुसीकोट नगरपालिका १ तल्लो बजार रुकुम (पश्चिम)
**फोन ०८८-५३०२६९ वा ९८४७९५४१९९, ९८४७९५४०७१**



## जनहितमा जारी सन्देश

जातीय भेदभाव कानूनी अपराध हो।
कसैले पनि जातीय भेदभाव तथा छुवाछूत गर्न वा गराउन हुदैन, यदि गरेमा जातीय भेदभाव तथा छुवाछुत (कसूर र सजाय) ऐन २०६८ बमोजिम कसुर गर्ने व्यक्तिलाई तीन महिनादेखी तीन वर्षसम्म कैद वा एक हजार रुपैयाँदेखि पच्चीस हजार रुपैयाँसम्म जरिवाना वा दुबै सजाय हुनेछ।

**त्रिवेणी गाउँपालिकाको कार्यालय रूकुम (पश्चिम)**
**कर्णाली प्रदेश नेपाल**


**रेखदेख साप्ताहिकको लागि प्रकाशक/सम्पादक : प्रबिर ददेल कार्यालय : मुसिकोट नगरपालिका. १, मिडियाचोक रुकुम**
फोन नं : ९८४७८७६७१३ इमेल : info@rekhadekh.com, rekhadekh@gmail.com
Web-www.rekhadekh.com मुद्रण : राप्ती अफसेट प्रेस रुकुम